खिजीदेम्बा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
स्था : २०७३
१ नं. प्रदेश, नेपाल

पत्र संख्या : २०७८/०७९
चलानी नं

मिति : २०७८/०९/२७

## विद्यालय विदा गर्ने सम्बन्धि सूचना !!

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार काठमाण्डौंले मिति २०७८/०९/२६ गते प्रेस विज्ञप्ति जारी गरी कोभिड १९ को संक्रमण तथा ओमिक्रोन भेरियन्टको संक्रमण तिव्ररुपमा बढ्दै गएको हुँदा विद्यार्थीको स्वास्थ्य सुरक्षा तथा बचावटको विषयलाई विशेष ध्यान दिँदै देश भरका सबै आधारभूत तथा माध्यमिक विद्यालयहरुमा मिति २०७८ पौष २७ गते देखि २०७८ माघ १५ गतेसम्म वार्षिक विदामा मिलान हुने गरी विदा दिने भन्ने प्रेस विज्ञप्ति जारी गरेको हुँदा सोही बमोजिम खिजीदेम्बा गाउँपालिकामा सचालित सबै आधारभूत तथा माध्यमिक विद्यालयहरुले विदा दिने व्यवस्था गर्नुहुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

इन्द्र प्रसाद गौतम

निमित्त प्रमुख प्रशासकीय अधिकृत

"खिजीदेम्बा गाउँपालिकाको लक्ष्य : विकास समृद्धि र सुन्दर भविष्य"
इमेल : khijeedembarm2073@gmail.com, Website – www.khijidembamun.gov.np
Phone No. 9748642789

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्या:-

चलानी नं.:-

सिंहदरबार,

काठमाडौं, नेपाल।

मितिः २०७८/०९/२६

## प्रेस विज्ञप्ति।

हालैका दिनहरूमा कोभिड-१९ को संक्रमण तीव्ररूपमा फैलिनुका साथै ओमिक्रोन भेरियन्टको संक्रमणको समेत पुष्टि भएका कारण विद्यार्थीको स्वास्थ्य, सुरक्षा तथा बचावटको विषयलाई विशेष ध्यान दिँदै देशभरका सबै आधारभुत तथा माध्यमिक विद्यालयहरूमा वार्षिक बिदामा मिलान हुने गरी यही २०७८ पौष २७ गते देखि २०७८ माघ १५सम्म विदा दिने निर्णय गरिएको छ । विदाको उक्त अवधिमा १२ वर्ष देखि १७ वर्ष उमेर समूहका विद्यार्थीहरूलाई सबै स्थानीय तहमा रहेको स्वास्थ्य चौकी मार्फत् खोप लगाउने कार्यक्रम रहेकोले विद्यालयसँग सम्पर्क गरी तोकिएको दिनमा खोपलगाउने कार्यमा आफ्ना बालबालिकाहरूलाई पठाईदिनुहुन सबै अभिभावकहरूमा अनुरोध छ ।बिदाको अवधिमा विद्यालयहरूले सिकाई सहजीकरण निर्देशिका २०७७ ले गरेको व्यवस्था बमोजिम विद्यार्थीको सिकाइमा आवश्यक सहजीकरण गर्ने प्रवन्ध मिलाउनुहुन तथा विश्वविद्यालय र शैक्षिक प्रतिष्ठानहरूले पूर्व निर्धारित सेमेष्टर र वार्षिक परीक्षाका कार्यक्रमहरू जनस्वास्थ्य र सुरक्षाका मापदण्डहरू पूर्ण रुपमा पालना हुनेगरी जेड आकारमा बसाइ व्यवस्था गरी सञ्चालन गर्ने गरी प्रवन्ध गर्न समेत सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको व्यहोरा अनुरोध छ ।

२०७८/९/२६

(दीपक शर्मा)

सहसचिव एवं प्रवक्ता